म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२ मंगलबार ४ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 20 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध गाँजासहित भारतीय नागरिक पक्राउ

हेटौंडा, ३ भदौ/मकवानपुरको हेटौंडाबाट प्रहरीले अवैध लागूऔषध गाँजासहित भारतीय नागरिक दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपालिका-१९ स्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब १२ किलोग्रामसहित २ जनालाई सोमबार बिहान पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा भारत बैसाली पातेपुर थाना खदनापुरा गाउँ बस्ने ३२ वर्षीय अली हुसेन र भारत बेतिया रामनगर थाना बस्ने ३० वर्षीय सुरजकुमार यादव रहेका छन् ।

उनीहरलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । नारायणगढबाट वीरगंजतर्फ जाँदै गरेको बा.३ ख ३७६३ नम्बरको बसलाई जाँचगर्ने क्रममा बसमा सवार उनीहरुलाई गाँजासहित पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

### राज्यले चिन्न नसकेको जनप्रिय बैज्ञानिक डा. महावीर पुन

# आफ्नै जीवनीको पुस्तकबाट १० करोड बढी संकलन

भानुभक्त आचार्य

हेटौंडा, ३ भदौ/राज्यले चिन्न नसकेको बैज्ञानिक डा. महावीर पुनले आफ्नै पुस्तक बिक्रीबाट करिव १० करोड रुपैयाँ संकलन गरेका छन् ।

सोमबार नारायणी यातायात ब्यवसायी संघमा पुगेका डा. पुनले पछिल्लो एक वर्षको अवधिमा करिव सवा लाख प्रति पुस्तक बिक्री भएको जानकारी दिएका छन् । पुस्तकको मूल्य ७५० रुपैयाँ राखिएको छ । सर्वसाधारणले उत्साहकासाथ पुस्तक खरिद गरी डा. पुनलाई सहयोग गरिरहेका छन् । राज्यले एक करोड रुपैयाँ पनि नपत्याएपछि आफ्नै जीवनीलाई पुस्तकमा उतारेर बिक्री गर्दै हिडेका पुन पछिल्लो साता हेटौंडा आसपासमा बिभिन्न टोलमा घुमिरहेका छन् ।



राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. पुनले गतवर्ष मात्रै आफ्नो जीवनकथामा आधारित पुस्तक सार्वजनिक गरेको थिए । एकवर्षदेखि त्यही पुस्तक बिक्री गरी आविष्कार केन्द्रका लागि रकम जोहो गर्न देशदौडाहमा छन् डा. पुन । हेटौंडा आसपासका बस्तीमा डा. पुनले आफ्नो पुस्तक बिक्री गरिरहेका छन् । डा. पुनको पुस्तक किनेर सामाजिक सञ्जालमा पुस्तकको कभर सार्वजनिक गर्दै हजारौं नागरिकले डा. पुनलाई समर्थन र राज्यलाई दबाव दिइरहेका छन् ।

पुस्तकको प्रकाशक राष्ट्रिय आविष्कार केन्द्र हो । 'यो पुस्तक बेचेर आएको सबै पैसा वीरगञ्जको कृषिऔजार कारखाना सुधार गर्ने र सञ्चालन गर्ने काममा जानेछ' भन्दै डा. पुनले टोलटोलमा पुगेर पुस्तक बिक्री गरिरहेका हुन् । 'वीरगन्जको कृषिऔजार कारखानाका लागि तत्कालै पैसा नचाहिएको भए यो किताब लेखिने थिएन होला' डा.पुनले यो पुस्तकको ई-बुक संस्करण पनि उपलब्ध गराउने तयारी गरिरहेको बताएका छन् । ३०८ पेज रहेको पुस्तकको मूल्य ७५० रुपैयाँ राखिएको छ ।

सोमबार नारायणी यातायात ब्यवसायी संघमा डा.पुनले आफ्नो पुस्तक बिक्री गर्दै भने- 'बीरगंज कृषिऔजार कारखाना संचालन गर्नुपूर्व तयारी गर्ने क्रममा करिव एक करोड रुपैयाँ खर्च भएको रकम सरकारले भुक्तानी दिने कुरा थियो तर, सरकारले दिएन' । संघले डा. पुनको ३० थान पुस्तक खरिद गरेको संघका महासचिव सरोज खनालले जानकारी दिएका छन् । डा. पुन वि.सं. २०११ साल माघ ९ गते म्याग्दीको नागी गाउँमा जन्मेका थिए । स्थानीय विद्यालयबाट कक्षा ७ सम्म पढेका पुन म्याग्दीबाट चितवन गएर माध्यमिक तहको अध्यापन पुरा गरेका थिए ।

आर्थिक अवस्था कमजोर भएका कारण उनले स्नातक गर्न पाएनन् । त्यसपछि पुनले झन्डै १३ वर्षसम्म विभिन्न विद्यालयमा पढाए । त्यसैक्रममा उनले अमेरिका र यूरोपका विभिन्न विश्वविद्यालयमा आवेदन दिए। वहाँले ३३ वर्षको उमेरमा अमेरिकाको एक विश्व विद्यालयमा पढ्न आंशिक छात्रवृत्ति पाए र थप पढाइको लागि अमेरिका पुगे । पढाइमा निकै मिहिनेत गरे, पढाई सकेर नेपाल फर्केका पुनलाई गाउँमा आम्दानी स्रोत खोल्ने सोचेर उहाँले चौरीगाई र गाईको फारम खोले ।

पुनले आफू सानो हुँदा पढेको विद्यालयमा सुधार गरेर हाइ-स्कुलसम्म पढाइ हुने बनाए, गाउँलेहरुसँग मिलेर कागज उत्पादन सुरु गरे । गाउँमा मौरीपालन, आरुबखडाको जाम बनाउने, च्याउखेती, गाउँमै लुगा बुन्ने काममा स्थानीयलाई सहयोग गरे । डा. पुनले गाउँमा आएका विदेशीलाई साथी बनाउने र उनीहरुसँग सम्पर्क राखेर बिग्रेका कम्प्युटरको विभिन्न भाग ल्याइदिन लगाएर गाउँलेलाई कम्प्युटर चिनाउने मात्र नभएर बिग्रेका कम्प्युटरका भाग जोडेर कम्प्युटर नै निर्माण गर्न सिकाए ।

कम्प्युटर निर्माण गर्ने, त्यसमा इन्टरनेट जोडेर चलाउने, त्यहाँबाट वायरलेस टेक्नोलोजीमार्फत गाउँ-घरमा रहेका विभिन्न स्कुलमा इन्टरनेट पुऱ्याए । गाउँ-घरमा डाक्टर जान नमान्ने समस्या अहिले पनि उत्तिकै छ । बिगतमा त यो झनै ठूलो समस्या थियो । डा. पुनले गाउँकै पाका महिलालाई स्वास्थ सम्बन्धी तालिम उपलब्ध गराएर ती महिलाले सामान्य रुघाखोकी, ज्वरो, झाडापखाला आदि रोगमा सामान्य उपचार गराउन थाले ।

२०६५ ताका डा. पुनले हेटौंडा अस्पतालमा टेलिमेडिसिन सुरुवात गरेका थिए । ६० को दसकमा हेटौंडामा ईन्टरनेट प्रयोगमा आएको थियो त्यसको केही समयभित्रै डा. पुनले हेटौंडा अस्पतालमा टेलिमेडिसिन सुरुवात गरेको हेटौंडा अस्पताल विकास समितिका तत्कालीन अध्यक्ष सरोजकुमार खनाल बताउँछन् । सरकारी अस्पतालमा पहिलोपटक हेटौंडा अस्पतालमा टेलिमेडिसिन सेवाको सुरुवात डा. पुनले नै गरेको खनालले जानकारी दिए ।

पछिल्लो समय वीरगंजको कृषिऔजार कारखाना सञ्चालनका लागि सहयोग बटुल्ने उद्देश्यले आफ्नै जीवनगाथाको पुस्तक निकालेर कारखाना सञ्चालनमा ल्याउने अठोट सहित अहिले पुस्तक बिक्री गर्दै देशव्यापी अभियानमा लागेका पुनको अभियानमा सरकारले साथ नदिएको भन्दै युवाले सामाजिक संजालमार्फत् तीब्र आक्रोश पोखेका छन् ।

पुस्तक बिक्रीका क्रममा देशवासीबाट पाएको माया स्नेह र सम्मान निकै अतुलनीय रहेको डा. पुनले अभियानलाई भरपुर साथ र सहयोग दिइरहेको बताए ।

राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुनसहितको टोली विभिन्न जिल्लामा पुगेर त्यहाँका सामाजिक संघसंस्था, विद्यालय, सरकारी तथा गैरसरकारी कार्यालय, विभिन्न पालिका, सडक किनारा तथा चोकमा बसेर माइकिङ गर्दै पुस्तक बिक्री गर्दै आएको छ । हरेक जिल्लामा स्थानीय समाजसेवी युवाले यो अभियानलाई समन्वय गर्दै भरपुर साथ र सहयोग गरिरहेका छन् ।

# भाषणलाई व्यवहारमा उतार्दै कांग्रेस नेता ईटेनी

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/पछिल्लो समय नेपाली कांग्रेसको राजनीतिमा सक्रिय नेता उत्सव इटेनीको दिनचर्या यतिबेला घाँस, पराल र चोक्करसँग जोडिएको छ । राजनीतिक कार्यक्रममा गरिने भाषणमा युवाले कृषिक्रान्ति गरी देशमै सुन फलाउनु पर्छ भनेर भन्ने गरेका इटेनी आफ्नो भाषणलाई व्यवहारमा उतार्दै आफ्नो समय हेटौंडाको एक कृषि फार्ममा लगाइरहेका छन् ।



नेपाली कांग्रेस हेटौंडा नगरसभापति रहेका इटेनीले हेटौंडा-१२ आल्दमारमा आफ्नो भाइको नाममा इटेनी एग्रो फार्म प्रालि दर्ता गरी संचालन गरिरहेका छन् । २ करोड रुपैयाँको लगानीमा स्थापना भएको फार्ममा २८ वटा लैनोभैसी, ३ वटा गाई, एउटा राँगो र पाडापाडी गरेर ५५ पशुचौपाया छन् । उनले दैनिक ३०० लिटर दुध १ सय १० रुपैयाँको दरले बिक्री गरी मासिक करिब १० लाख रुपैंयाँको कारोबार गर्छन् । '५/७ वटा भैंसीबाट सुरु गरेको व्यवसाय अहिले २८ वटा दुहुनो भैंसी, राँगा, पाडापाडी गरेर ५०/६० वटा पुगेको छ ।

ईटेनीको फमर्मा ५ जनाले रोजगार पाएका छन्, उपभोक्ताले शुद्ध दुध पाएका छन्, हामीले खेतका लागि मल पाएका छौं-इटेनीले भने । बजारका लागि कुनै समस्या नरहेको बताउने उनले यहाँ उत्पादित भैंसीको दुध फार्ममै लिन आउने उपभोक्ता पनि धेरै भएका छन् । बाँकी स्थानीय सहकारीले खरिद गर्ने गरेको उनले बताए । पशुचौपायको हेरचाह तथा घाँस कुँडोपानीको व्यवस्थापनमा खटिने ५ जना कामदारको पारिश्रमिक र अन्य खर्चसहित मासिक खर्च करिब ५ लाख रूपैयाँ छ । भैंसीलाई आवश्यक पर्ने पराल, चोकर मधेश र साइलेज चितवनबाट ल्याउने गरेको बताए ।

पेट्रोलियम पदार्थको ढुवानी व्यवसायमा लामो समयदेखि सक्रिय इटेनी देशलाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउनका लागि सरकारले विदेशिने युवालाई रोक्न र पशुपालनमा सक्रिय बनाउन स्पष्ट नीति ल्याउनुपर्ने बताए । अहिलेको नीति कृषकमैत्री नरहेको आफूले यो काम थालेपछि बुझेको बताउँदै अब आफूले भेट्ने मन्त्री र सांसदलाई यसबारे अवगत गराउने उनको भनाई छ ।

उनले मेहनतका साथ काम गरेमा सफलता हासिल हुने विश्वास साथ फर्म स्थापना गरेका छन् । आफूलाई चिन्नेहरुले उत्सव धेरै दिन एग्रो फार्ममा टिक्दैन भन्ने गरेको उनले सुनाए । उनले आफूले दीर्घकालीन उद्देश्यसहित फर्मको भौतिक संरचनासहित अन्य व्यवस्थापन गरेको बताए । आफ्नो पुर्ख्यौली जग्गा खेरगइरहेकोमा यसलाई सदुपयोग गरेकोमा घरपरिवार र आफन्तबाट सकारात्मक प्रतिक्रिया पाएका उनले बताए । उनले बाँझोखेतमा फार्मका लागि आवश्यक घाँस र अन्य बाली लगाउने सोच बनाएका छन् ।

राजनीतिक कार्यकर्ता भाषणमा मात्रै नभई आर्थिकपक्षमा पनि सबल रहनुपर्ने बताउँदै उनले अनैतिक कामबाट आर्जन गर्नुभन्दा यस्तै व्यवसायबाट आफूलाई आर्थिक उपार्जनको क्रियाक्लापमा जोड्नुपर्ने उनको भनाई छ । आफ्नो राजनीतिक यात्रा र अन्य व्यवसायसँगै कृषिकर्मलाई पनि सँगसँगै लैजाने इटेनीको लक्ष्य छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# वन अतिक्रमण बन्द गरौं

२०४६ कोराजनीतिक परिवर्तनपछिका दिनमा वन अतिक्रमण सुरु भएको हो । २०४९ र २०५४ मा दुईपटक स्थानीय निकायको निर्वाचन भएको थियो र २०५९ पछि करिव १६ वर्षको अवधि स्थानीय निकायमा नेतृत्वबिहिन बनेको थियो । यही समय वनमाराका लागि सनौला दिन बन्नपुगे । ग्रामीण क्षेत्रमा सडक खन्नुपर्दा जुन जंगलमा ठूला र सोझा सालका रुख छन् त्यसतैबाट डोजर चलाइन्थ्यो । यातायातका साधन चलाउन भन्दा पनि वनका राम्रा रुख काट्नका लागि मुलबाट खन्ने गरिन्थ्यो । यो चैं वनभित्रको वनबिनाश थियो । वन छेउछाउका वनबिनाशको कथाब्यथा अर्कै छ । एउटा बयस्क रुख काटेपछि कम्तिमा २५ वटा बिरुवा रोप्नुपर्ने वातावरण संरक्षणमा चासो राख्नेहरुले आवाज उठाए । सरकाले त्यसलाई कानुनमा समट्यो तर, कार्यान्वयन भएको छैन । राजमार्ग, विद्युत प्राधिकरणको ट्रान्समिसन लाईन बिस्तार, जलविद्युत कम्पनीको पावरहाउस निर्माण, बिमानस्थल निर्माण, बिस्तार, रेलवे ट्र्याक निर्माण जुनसुकै बहानामा रुख काटिएका छन् ।

मुलुक संघीयतामा गएपछि २०७४ बाट स्थानीय तहहरुले भवन निर्माण, खेलमैदान, पार्क, मन्दिर, भ्यूटावरसहित अन्य पूर्वाधारका संरचना निर्माणका क्रममा सरकारी वन बढी अतिक्रमणमा परेको पाइएको छ । बागमती प्रदेशमा सामुदायिक, कबुलियती र धार्मिक वनको झण्डै १३ हजार हेक्टर वनक्षेत्र अतिक्रणमा परेको छ । वन निर्देशनालय हेटौंडाले संकलन गरेको आर्थिक वर्ष २०८०/८१ को अद्यावधिक तथ्यांकअनुसार हालसम्म बागमती प्रदेशमा १२ हजार ९ सय ४६ दशमलव ७९ हेक्टर वनक्षेत्र अतिक्रमण भएको पाइएको हो । वन अतिक्रमणको अर्को शक्तिशाली पक्ष भनेको सुसुम्बासी, भूमिहिन र अब्यवस्थित बसोबासीबाट भइरहेको बताइएको छ । निर्देशनालयले वन अतिक्रमण रोक्नका लागि एकीकृत तथ्यांक पहिलोपटक तयार पारेको डिभिजन वन अधिकृत रामकुमार भण्डारीले जानकारी दिए । वन निर्देशनालयले अतिक्रमणमा परेको वनक्षेत्र फिर्ता ल्याउन तयारी थालनी गरेको छ । गत आव ०८०/८१ मा अतिक्रमित ४२ हेक्टर जमिन अतिक्रमणबाट फिर्ता गरी वनक्षेत्रमा कायम गरिएको निर्देशनालयले जानकारी दिएको छ । दोलखाको १७ दशमलव १० हेक्टर, चितवनको ९ हेक्टर, धादिङको दशमलव १६ हेक्टर, काठमाडौंको ६ दशमलव ७४ हेक्टर, ललितपुर र भक्तपुरको १/१ हेक्टर, मकवानपुरको शुन्य दशमलव ५१ हेक्टर अतिक्रमित जमिनलाई वनक्षेत्र कायम गरिएको छ । वनक्षेत्र अतिक्रमण गर्ने व्यक्ति वा निकायबारे निर्देशनालय अनविज्ञ छ । वनक्षेत्रको अनुगमन र मूल्यांकन गर्ने निकायको जिम्मेवारी पाएको निर्देशनालयले आफू मातहतका १५ वटा डिभिजन वन कार्यालयमा अतिक्रमण गर्ने व्यक्ति वा निकायको विवरण रहेको जवाफ दिएको हो । नेपाल विद्युत प्राधिकरण र

सडक निर्माणको परियोजनाले वनक्षेत्रका बोटबिरुवा प्रभावित भइरहेको छ । निर्देशनालयले अनुगमन तथा मूल्यांकन प्रतिवेदन बनाएर प्रदेश मातहतका १५ वटा डिभिजन वन कार्यालयको समन्वयमा अतिक्रमण भएको वनक्षेत्रको तथ्यांक एकीकृत गरेको हो । वन तथा वातावरणक्षेत्रको वर्तमान अवस्थाको स्थितिपत्र २०७५ अनुसार मुलुकभित्र ६६ लाख १० हजार हेक्टर वनक्षेत्र रहेकोमा १ लाख बढी हेक्टर क्षेत्र अतिक्रमणमा परेको हो । १३ जिल्लामध्ये सिन्धुलीमा सबैभन्दा बढी ६ हजार ४ सय ४ दशमलव ८७ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । मकवानपुरमा ३ हजार ५ सय ५६ दशमलव ९६, चितवनमा १ हजार ६ सय ८८, धादिङमा २ सय ४६ दशमलव ९६, रसुवामा ३६ दशमलव २७ र नुवाकोटमा ९३ दशमलव ९४ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ । यस्तै, काठमाडौंमा १३, ललितपुरमा ३०, काभ्रेमा २ सय ५८, सिन्धुपाल्चोकमा ७८ दशमलव ९०, रामेछापमा ४ सय ९५ दशमलव ५ र दोलखामा ४४ दशमलव ८५ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको हो । भक्तपुरमा भने वनक्षेत्र अतिक्रमणमा नपरेको तथ्यांक छ । बागमती प्रदेशमा ४ हजार ५ सय ३४ वटा सामुदायिक वन, ३ हजार ३ सय ३६ कबुलियती वन, ४९ वटा धार्मिक वन र निजीवन ६ सय ७३ वटा रहेको निर्देशनालयले जानकारी दिएको छ । यहाँ वन संरक्षणक्षेत्र २ वटा रहेको छ । बागमतीको कुल क्षेत्रफलको ५३ दशमलव ७३ प्रतिशत वनक्षेत्र रहेको छ । विगतदेखि नै सबैभन्दा धेरै वनक्षेत्र व्यक्तिबाट अतिक्रमणमा परेको छ । संघीयता आएपछि अर्थात २०७४ बाट स्थानीय तहहरुले भवन निर्माण र खेलकुदमैदानसहित अन्य पूर्वाधारका संरचना निर्माणका क्रममा बढी अतिक्रमण गरेको छ । वनक्षेत्रको अतिक्रमण रोक्न वन निर्देशनालयबाट मात्रै सम्भवन भएन । प्रदेश मन्त्रालय, जिल्लास्थित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, डिभिवन वन, प्रहरीलगायतको सक्रियतामा मात्रै अतिक्रमण रोक्न र अतिक्रमित जमिन वनक्षेत्र कायम गर्न सम्भवन हुने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ५ गते बुधबार २१ अगष्ट २०२४ । द्वितीया, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३४ । रोपाई जात्रा

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : श्रम खेर जानेछ | तुला | : काममा सहयोग मिल्नेछ |
| वृष | : पढाइमा प्रगति हुनेछ | वृश्चिक | : अनावश्यक खर्च हुनेछ |
| मिथुन | : उत्साहमा कमी आउनेछ | धनु | : चिताएको काम बन्नेछ |
| कर्कट | : आफन्तबाट धोका हुनेछ | मकर | : नसोचेको फाइदा पाइनेछ |
| सिंह | : प्रतिष्ठित काम पाइनेछ | कुम्भ | : चुनौतीहरु बढ्नेछन् |
| कन्या | : सामाजिक दायित्व बढ्नेछ | मीन | : आम्दानी घट्नेछ |

# डेंगु र हैजा नियन्त्रणमा सरकारको उदासीनता

पुस्तिका केसी




डेंगु र हैजा नियन्त्रणमा सरकारी उदासीनता कि चुनौती भन्ने प्रश्न यति बेला सबैतिर उठेको छ । तराईदेखि पहाड हुँदै हिमालसम्म आज डेंगु र हैजा संक्रमितका बिरामी बढ्दै गएका छन् । तर, सरकारी तवरबाट नियन्त्रणका लागि अहिलेसम्म कुनै ठोस कदम चाल्न सकेको देखिँदैन । सरकार रोग नियन्त्रण गर्नेभन्दा पनि जनशक्ति अभाव देखाएर पन्छिने दाउमा लागेको सरोकारवालाहरुको भनाइ छ ।

सरकारको सिंहदरबारको नीति र निर्देशनले बिरामीको रोग निको हुँदैन र संक्रमण पनि रोकिँदैन । संक्रमण नियन्त्रण गर्न सरकासँग पर्याप्त जनशक्ति नभएको होला । तर विकल्प खुला गरेर नागरिकको ज्यान बचाउने सरकार को प्रमुख दायित्व हो । सरकार जनशक्ति अभाव भएको दाबी गरिरहँदा सरकारी स्वामित्वमा रहेका अस्पतालका चिकित्सक भने निजी क्लिनिक धाउन व्यस्त देखिन्छन् । सरकारी तलब भत्ताले मात्र खर्च धान्न नसकिने भएकाले अन्यत्र कमाइ गर्नुपर्ने आफूहरुको बाध्यता रहेको स्वास्थ्यकर्मीहरु तर्क छ । सरकारी अस्पतालमा उपचार गर्न आएका बिरामीलाई स्वास्थ्यकर्मीले राम्रोसँग स्वास्थ्य परीक्षण नगरिदिने र समय नदिनेजस्ता कारण सरकारी अस्पतालको विश्वास घट्दै गएको छ ।

नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक अधिकार स्थापित गरेको छ । तर पनि रोग लागेको बेला उनीहरुले सहज र सरल तरिकाबाट उपचार पाउन सकेका छैनन् । सरकारी अस्पतालमा राम्रो उपचार पाउन चिनजान र पहुँचमा भर पर्नु बिरामीको बाध्यता बढ्दै गएको देखिन्छ । ज्यान बचाउनकै लागि निजी अस्पतालमा उपचार गराउँदा धेरै परिवारले खर्चको बन्दोबस्त गर्न सक्दैनन् । संविधानले अधिकार सुरक्षित गरेको भए पनि कार्यान्वयन पक्ष निकै फितलो हुँदा नागरिकले यस्तो सास्ती बेहोर्नुपर्ने बाध्यता छ ।

अहिले देशभर स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीको जनशक्ति ३१ हजार ६ सय ५० जनाको हाराहारीमा रहेका छन् । सरकारको तथ्यांकअनुसार यो जनशक्ति न्यून हो । निजी संस्था स्वास्थ्य संस्थामा कति स्वास्थ्यकर्मी छन् त्यसको सरकारसँग कुनै यकिन तथ्यांक देखिँदैन । गाउँघरमा सञ्चालित धेरै स्वास्थ्य संस्था विनाअनुमति सञ्चालन भएका छन् । फितलो सरकारी संयन्त्रको कारण त्यसको तथ्यांक नहुँदा त्यसताका क्लिनिकले सेवाग्राहीसँग मनपरि शुल्क लिनेदेखि स्वास्थ्यमा समेत खेलबाड गरिरहेको कुनै नौलो होइन । तर यसको पीडामा स्थानीय सर्वसाधारण नागरिक परेका छन् । देश संघीयतामा गएपछि स्वास्थ्य संस्थाको नियमन गर्ने अधिकार स्थानीय सरकार र प्रदेश सरकारसँग छ । तर नियमनकारी निकायले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्दा स्वास्थ्य सेवाको गुणस्तर थप दिनदिनै खच्किँदै गएको छ ।

नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा दिन भन्दै पछिल्लो समय तीनवटै तहका सरकारले करारमा स्वास्थ्यकर्मी थप गरिनै रहेका छन् । तर कुन तहले कति स्वास्थ्यकर्मी करारमा थप गरे, त्यसको स्वास्थ्य मन्त्रालयसँग कुनै तथ्यांक छैन । स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय बनाएर नागरिकमा भरपर्दो सेवा प्रवाह गर्न भन्दै सरकारले हरेक वर्ष आफ्नो नीति तथा कार्यक्रममा ठूलै बजेट विनियोजन गर्ने गरेको छ । तर स्वास्थ्य र शिक्षा क्षेत्रमा छुट्याएका बजेटको प्रतिफलमा खासै सुधार र गुणस्तरीयता देखिँदैन । स्वास्थ्य मन्त्रालयका अधिकारीहरुका अनुसार गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन देशभरि करिव ९२ हजार स्वास्थ्यकर्मी आवश्यक रहेको दाबी गरिँदै आएको छ । सरकारसँग अहिले करिब ३१ हजार स्वास्थ्यकर्मी छन् । स्वास्थ्य मन्त्रालयले माग धान्न करिब ६२ हजार स्वास्थ्यकर्मीको जनशक्ति आवश्यक रहेको देखाउँछ । अर्थिक अवस्थाको कारण त्यो सबै माग पूरा गर्न सरकारलाई ठूलो आर्थिक भार पर्ने अर्थ विज्ञहरूले बताएको भनाइ छ । स्वास्थ्य मन्त्रालयका अनुसार जनसंख्याको आधारमा सबै क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्न तत्कालै ३० देखि ३५ हजार स्वास्थ्यकर्मी आवश्यकता रहेको भनाइ छ । यतिको जनशक्ति परिपूर्ति गर्नेमा सरकारको खासै तयारी देखिँदैन ।


अहिलेसम्म नेपाल मेडिकल काउन्सिलमा ३२ हजारभन्दा बढी चिकित्सक दर्ता भएका छन् । नेपाल नर्सिङ काउन्सिलमा हालसम्म ७८ हजार बढी नर्स दर्ता भइसकेको सरकारी तथ्यांक छ । तर ती जनशक्ति काहाँ छन् र के गरिरहेका छन् भन्ने सरकारसँग खासै जानकारी छैन । सरकारी स्वास्थ्य संस्थाबाहेक कति नागरिकले निजी अस्पतालबाट स्वास्थ्य सेवा लिएका छन् भन्ने पनि सरकारसँग एकिन जानकारी हुँदैन । २०७४ पछि धेरै कर्माचारी समायोजन भएर प्रदेश र स्थानीय तहमा आए । समायोजनका बेला स्वास्थ्यकर्मीहरुले पनि सुगम र घरपायकको कार्यालय नै रोजेका थिए । त्यसरी समायोजन भएर आएका स्वास्थ्यकर्मीहरु कहाँ र कसरी के काम गरेर बसेका छन् भन्ने सरकारलाई सबै जानकारी छैन । सरकार त्यसको खोजीमा पनि लागेन । सुगम मानिएका जिल्लाको एउटा स्वास्थ्य केन्द्रमा अहिले एक दर्जनको हाराहारीमा स्वास्थ्यकर्मी कार्यरत छन् । समायोजनपछि ग्रामीण क्षेत्रमा आएका स्वास्थ्यकर्मीहरु दिनभरि कार्यालय बस्नुको साटो झोलाभरि औषधि बोकेर गाउँ घुम्ने र कार्यालयमा फेसबुकजस्ता सामाजिक सञ्जाल चलाएर बस्ने गरेका छन् । स्वास्थ्यकर्मीहरु उपचार गर्न आउने बिरामीको स्वास्थ्य परीक्षण गर्नसमेत हानथाप गरिहेका हुन्छन् ।

कोरोना कहरका बेला पनि तिनै स्वास्थ्यकर्मीहरु बिरामीको परीक्षण गर्नुको साटो झ्यालढोका बन्द गरेर कार्यालयमा बस्ने गरेको स्थानीयको गुनासो थियो । अहिले डेंगु र हैजाको संक्रमण बढ्दै जाँदा पनि उनीहरूको अवस्थामा परिवर्तन नभएको सेवाग्राहीको गुनासो छ । सर्लाहीको लालबन्दीमा रहेको नगर अस्पतालले भने डेंगु, हैजा र भाइरल फिवरका बिरामी बढेपछि सेवा विस्तार गर्दै बिहानैदेखि बहिरंग सेवा सञ्चालन गरेको छ । ग्रामीण क्षेत्रका अधिकांश स्वास्थ्य संस्था बिहान १० देखि दिउँसो ३ बजेसम्म मात्र सञ्चालन हुँदै आएका छन् । संक्रमणका बेला धेरै पालिकाहरुले नागरिकालाई जति सक्दो स्वास्थ्य सेवा दिन कुनै ठोस कदम अघि सारेको देखिँदैन । पालिकाहरुले लामखुट्टे मार्न विषादीको प्रयोग गर्ने र नागरिकलाई स्वस्थ खानेपानी आपूर्ति गर्नसमेत चासो देखाएका छैनन् । पालिकाले कम्तीमा शुद्ध खानेपानीको सहज आपूर्ति र लामखुट्टे मार्ने अभियान सञ्चालन गरे मात्र पनि धेरै संक्रामक रोग नियन्त्रण हुने स्थानीयको चाहना छ ।

पहाडी क्षेत्रमा वर्षाको बाढीले खानेपानीका मुहान दूषित भएका छन् भने तराईका जिल्लामा बाढीको कारण भूमिगत पानी दूषित भएको छ । धेरै रोगको संक्रमण खानेपानीबाटै लाग्ने स्वास्थ्यका विज्ञ बताउँछन्। गर्मीसँगै फैलिएको संक्रामक रोगका कारण यति बेला गाउँघरका क्लिनिकदेखि शहरका ठूला अस्पतालसमेत बिरामीले भरिभराउ भएका छन् । अझ दुर्गम क्षेत्रका बिरामीले उपचारभन्दा पनि बढी सास्ती खेप्नुपरेको छ। सडक सुविधा नपुगेका जिल्लाका बिरामी हिँडेर वा डोकोमा बोकिएर अस्पतालसम्म आइपुग्नुपर्ने बाध्यता छ। अस्पताल आइपुगेपछि पनि उनीहरुले आशा गरेअनुसारको उपचार सरकारी अस्पतालबाट नपाउने गुनासो छ। आर्थिक अवस्था कमजोर भएका बिरामी महँगो खर्च गरेर निजी अस्पतालमा जान नसक्दा ज्यानसमेत जाने गरेको छ । सरकारी अस्पतालबाट सहज उपचारको आशा गर्न नसकिने अवस्था सिर्जना भएकोमा नागरिक चिन्तित हुँदै गएका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# विकासे भेलले बगायो हामीलाई



कृष्णप्रसाद पौडेल



बीसको दशकमा गाउँमा कसैलाई सराप दिनुपऱ्यो भने 'तेरो गाउँमा कांग्रेस पसोस्' भन्थे रे ! तीसको दशकमा पूर्वी तराईका गाउँमा मान्छे काटिन थाले । गाउँलेले भन्न थाले, 'तेरा गाउँमा नक्सलवादी पसोस् !' त्यसपछिको आन्दोलनताका पञ्चायती निरंकुश राजमा मण्डले जन्म्यो । 'तेरो घरमा मण्डले पसोस्' भन्न थाले । यो सराप चालीसको दशकसम्म धेरैका मुखमा झुन्डिएर रह्यो ।

पचासको दशकमा च्याउसरी एनजीओ उम्रिए । विदेशी र स्वदेशी एनजीओको रजगज देशैभरि चल्यो । गाउँ-शहर सबै विकासे परियोजनाले ढाकियो । गाउँलेका भाषामा एनजीओ (बहुदले झार) बढ्यो । यस्ता विकासेका सन्दर्भमा नन्दराम श्रेष्ठले आफ्नो पुस्तक 'इन द नेम अफ डेभलपमेन्ट: रिफ्लेक्सन अफ नेपाल' मा एउटा रोचक प्रसंग प्रस्तुत गरेका छन् । किताबमा लेखिए अनुसार, उनको पाउल नाम गरेको एकजना विदेशी साथीले बताएको विवरण सार ांशमा यस्तो छ :

कुनै एउटा विदेशी परियोजनाले त्यतिबेलाको राप्ती अञ्चलमा गाईको नश्ल सुधार गर्न विकासेको सल्लाहमा अमेरिकाबाट साँढे झिकायो । गाउँमा लगेर रैथाने गाईलाई उक्त साँढे लगाइयो । तर साँढेले कति गर्दा पनि बाली लाग्न मानेन । असिनपसिन भएका विकासे सल्लाहकारले नयाँ जुक्ति निकाले । गाउँका जान्ने हेराउने धामी बोलाइयो । धामीले सबै कर्म गरेर काम्दै जोखाना हेरे । अनि ढ्याङ्ग्रो ठोक्दै भने- 'यो साँढे बाली लाग्न हैन, सल्लाह मात्र दिन आएको हो ।' यसैबाट थाहा हुन्छ कि किन गरे एनजीओलाई मानिसहरूले सत्तोसराप । यसैको सेरोफेरोमा माओवादी जन्मियो । गाउँमा केही बनायो, धेरै भत्कायो । गाउँमा केही जगायो, धेरै तर्सायो ।

बितेका ६ दशकमा धेरै कुरा फेरियो । हाम्रो समृद्धि सपना फेरिएन । अहिले कसैलाई सराप्नु पऱ्यो भने 'तेरा गाउँमा समृद्धि (विकास) पसोस्' भन्न थालेका छन् । यस्तो सत्तोसराप गर्नुपर्ने विकास, राई माइलाको गाउँमा बाटो भएर आयो । नारायण वाग्लेको गाउँमा बस चढेर आयो । मेरो गाउँमा भने त्यही बाटो बसको छत, टिपर र ट्याक्टरमा चढेर आयो । सुदूर गाउँघरमा त यो चिलगाडा र हेली चढेर आयो ।

समृद्धि चटकेले चमक-धमकको दुनियाँ देखाउँदै लावालस्करसँगै भित्र्याएको विकासे कुम्लोभित्र के पो छैन र ? हामीलाई मगन्ते, परनिर्भर, लालची र लाचार बनाउने विनाशको ललिपप छ । यसैको बाँडचुँडले बढाएको फुट, गुट र लुटको जादुमन्त्र छ । यसले भाइ-भाइ फुटाएको छ । सोझा निमुखालाई लुटाएको छ । एकआपसमा कुटाएको छ । गाउँघर फुटाएको छ । घरभित्रदेखि गाउँ समाज सबैको सम्बन्ध टुटाएको छ । भाइमारा, भ्रष्ट र दलाल सबैलाई एकैठाउँ जुटाएको छ । यसलाई भान्सा, चोटा, चौतारामा पुऱ्याउन शहरिया खटाएको छ । यो संसद्को खाजादेखि हाम्रा गाउँको डहरसम्म जताततै अटाएको छ ।

यो कुम्लोभित्र नचाहिने र नपाइने धेरै छ र चाहिने र पाइने थोरै छ । यसभित्र भोटसँग साट्न मिल्ने सजिलै ढाँट्न मिल्ने आश्वासनको पोको छ । यति हुँदा पनि मेरा गाउँमा विकास भित्र्याउने धोको छ । भौतिक विकासको चमकधमक छ । गाउँमा सिंहदरबार भित्रिएसँगै सयौं 'राजा'हरू बनेका छन् । डोजर आतंक फैलाउँदै भित्ता, पहरा र चुरे सबै खनेका छन् । बाटा बनाउन आफैं इन्जिनियर बनेका छन् । बिजुली, खानेपानी, पाइखाना, विद्यालय भवन, भ्यूटावर, स्वागतद्वार र स्मारक छ ।

अझ अहिले त पानीजहाज र चुच्चे रेल समेत यसैमा थपिएको छ । खोलाभित्रै बस्ती पसेको छ, अन्यत्रको के कुरा गर्नु, काठमाडौं शहरमै डुवानको कहर छ । खेती गरी खाने बेंसी फाँटमा ठड्याएका सलाइबट्टे कंक्रिटका घरमा आयात गरिल्याएको चामल, दाल र डाल्डा घिउ छ । सात समुद्रपारबाट आइपुगेको पत्रुखाना मात्र हैन शहरबाट पठाएको चाउचाउ, कुरमुरे, रक्सी, कोक र ड्यू छ । छिमेक देशबाट ल्याएको विषाक्त तरकारी फलफूल र पोकाको तेल छ । बियरदेखि देशी रक्सीसम्मको ठेलमठेल छ ।

नसड्ने प्लाष्टिकले गाउँशहर सबै कब्जा गरेका छन् । पानी बग्ने ढल यिनैले भरिएका छन् । यिनैले थुनेको ढलबाट बाटैभरि फैलिएको मलमूत्रका भेल छन् । निगालो, बाँसका चोया, पटुवा र खरका डोका, खर्पन, डोरी नाम्लो, दाम्लो, नेती, जोतारा सारा हराएका छन् । सबै प्लाष्टिकका बाहिरैबाट आएका छन् । बर्थ डेदेखि बाको मुख हेर्दासम्म लगाउने यिनैको ताज छ । यिनको मात्र के कुरा, सुराही, गाग्री, मग, बाल्टी, थाल, कचौरा, सुपो र कुचोमा यिनैको मात्र राज छ । यो सबै देखेर ङिच्च दाँत देखाउने विकासेको चर्तिकला नाजवाफ छ ।

खेतबारी कैयौं वर्षदेखि बाँझै थाती छ । अलि अलि लगाएको बाली खान बाँदर, बँदेल, नीलगाई र दुम्सीको ताँती छ । मेरो बाख्राको टाट्ना र घरमा भएको पक्की पाइखानाभित्र जतनसँग थन्क्याएर राखेको अनुदानको हाते ट्याक्टर छ । खोपामा झार मार्ने विषादीको बट्टासँगै राखेको हजुरआमाले खाने सुगरको चक्की छ । आँगनको डिलमुनिको सुर्कोमा हावाको झोक्काले फिरफिराउँदै गरेको झुत्रो प्लाष्टिक टनेलको बुख्याँचा छ । बाटाघाटा र बारीभरि गुट्का, चाउचाउ र चकलेटको खोल छ । ढोकैनेरको भित्तामा अडेस लगाएको चिनीमलको धोक्रो छ ।

आयआर्जनका नाममा विकासेले बाँडेका १-२ बाख्रा र १०-२० कुखुराका चल्ला छन् । नानी भन्दा आची ठूला यिनै विकासका हल्ला छन् । यिनको हिसाब राख्ने समूह-समूहका भेला छन् । यो हेर्न आउने विकासेको मेला छ । काम भए-नभएको जाँच्न आउने विकासेको करोडौं पर्ने गाडी छ । आफ्नो समूह चिनाउन एकैनासको साडी छ । विकासेको स्वागतमा जाँदा यो लाउने हतारो छ । यिनका स्वागत गर्न फूलमाला बनाउने चटारो छ ।

मेरा गाउँमा के छैन ? विकासेले बनाइदिएको भूतबंगला जस्तो भवन छ । हामीलाई घाँस-दाउरा गर्न समेत नदिने वन छ । घर-घर पुग्ने चिप्लेटी बाटो छ । बंगला जान टुक्रिएको माटो छ । पानीको मुहान सुकेको छ । विकासको मुल पाखैभरि फुटेको छ । पानी नआउने धाराका टुटी र खुल्ला दिसामुक्त क्षेत्र भनी टाँसिएका बोर्ड यत्रतत्र छ । गाउँघरमा यस्ता विकासको हिसाब अलपत्र छ । कति बयान गरुँ, भनेर सकिँदैन । मलाई थाहा छ मुर्कुट्टाको शासन रहेसम्म यो केही रोकिँदैन ।

गाउँमा सरकारी स्कुल छ । १२ विद्यार्थी, ५ जना शिक्षक र ४ वटा भवन छन् । सँगै जोडिएको ठूलो होर्डिङ बोर्ड झुन्ड्याएको बोर्डिङ स्कूल छ । मनी एट्याक्स मनी (पैसाले पैसा तान्छ) भनी पढाउने पाठ छ । यी सबैको पैसा मात्र फलाउने साँठगाँठ छ । गाउँ बस्तीमा जब यो विकास पसेको छ, छेउछाउ बस्ने गरिब निमुखा सबैलाई डसेको छ । यिनैका नाममा बाँड्न आएको राहत छ । दिनभरि कुर्दा समेत यो नपाएर फर्केको रित्तो हात छ । यो विकास कता जान हिंडेको हो धेरैलाई थाहा छैन । थाहा पाउनेले भन्न नि भा'छैन । यसलाई नल्याई तल्लाघरेको घर चल्दैन । साँझ उसको चुलोमा आगो बल्दैन ।

नजिकैको चोटामा उठ्ने बित्तिकै फेसबुक चलाउन तम्तयार ९ मा पढ्दै गरेको छोरा छ । पर पिंढीमा टिकटक बनाउन भर्खर सजिएकी छोरी छ । मेरा गाउँमा सबै छ, युट्युब, फेसबुक र टिकटक चलाउने स्मार्ट मोबाइल छ । मोबाइलमा ४० कटेपछि रमाउँला गीत घन्केको छ । यसको खुराक सजिलै पुऱ्याउन क्यूआर कोड, ई-सेवाको इन्टरनेट सुविधा छ । तर मलाई यतै बसौं कि शहर पसौं द्विविधा छ ।

यो सब जोहो गरेर घरव्यवहार चलाउने पैसा छैन । गोजीमा पैसा नभए गाउँमा पात पनि हल्लिँदैन । मेरा गाउँमा विकासका नाममा झोलेलाई बाँड्ने अनुदान छ । यो थाप्न गाउँमै बसेको नेता जातिको हनुमान छ । विकास भित्र्याउँछु भन्दै यसले करोडौं कुम्ल्याएको मेरो अनुमान छ । उल्टै, हामीलाई ऋण दिने समूह, सहकारी र मिटरब्याजीको झेल छ । यिनैसँग मिलेर हामीलाई सिध्याउने खेल छ । गाउँमा पैसै नभएको त कहाँ हो र ? अरु घोडा चढे भनेर म धुरी चढेर भो र ?

खै मेरै त गाउँमा मन अडिएकै छैन । शहरको बाटो हुँदै युरोप, अमेरिका भासिने रहर नभएको, गाउँमा बस्ने मन भएको मान्छे छैन । के भनौं खै, जसरी होस् शहर पस्ने दाउ हेरेको साइलो छ । मलेसिया जान नपाएर झोक्राएको माइलो छ । दलालले ठगेर थेचारिएको कान्छो छ । इजरायल जान नपाएर निहुरमुन्टी परेकी छोरी छे । यूट्युब हेरेर तरकारी डढाउने तर के हेरिस्या बा भनेर उल्टै कराउने बुढी छे ।

पानी जस्तै बगेर गाउँको जवानी रित्तिएको छ । गाउँभरि फैलिएको विकासले निस्सासिएर छाती चिसिएको छ । जिन्दगी घुन जस्तै पिसिएको छ । के खाने के नखाने हरेसमा समेत विष मिसिएको छ । यस्ता दृश्य बयान गरेर हिसाब छैन । गणतन्त्र आयो भन्छन्, तर हाम्लाई निसाफ छैन ।

अन्त्यमा, गाउँमा आएको विकासले अरू कसैलाई राहत थमाएको छ । तर मलाई आहत बनाएको छ । यसले हाम्रो स्वाभिमान लुटेको छ । नयाँ हुन् या पुराना भाषण मात्र गर्ने प्रति भरोसा टुटेको छ । गरेर खाने आत्मविश्वास र विवेक हराएको छ । सिंगो गाउँ शहर हुँदै विदेश निर्यातित भएको छ । समृद्ध नेपाल र सुखी नेपाली भन्ने नेताको चहाना पूरा भएको छ । विकास पसे के के नै होला भन्ने मेरो सपना भने अझै अधुरै रहेको छ । अरू कति भनौं र हजुर अब त केही होला कि भन्ने आश समेत मरेको छ ।

*(साभार: अनलाइनखबर)*

# नेपाली क्रिकेटको उडान अब कता ?




काठमाडौं/लिग-२ का अविश्वसनीय प्रदर्शन, एसिया कपमा भारत र पाकिस्तानसँग प्रतिस्पर्धा, अनि टी-२० विश्वकपमा विश्वकै ध्यान तान्ने खेल । मोन्टी देशाईको मुख्य प्रशिक्षण र रोहितकुमार पौडेलको कप्तानीमा नेपाली राष्ट्रिय टोलीको पछिल्लो डेढ वर्ष साँच्चै लोभलाग्दो रह्यो ।

नेपाल क्रिकेट संघले कात्तिक २०७९ मा कात्तिकमा २० वर्षका रोहितलाई कप्तान बनाएको थियो भने माघमा देशाईलाई मुख्य प्रशिक्षकका रुपमा भित्र्यायो । असम्भव जस्तै बनेको ओडीआई मान्यता जोगाउने क्रममा नेपालले आईसीसी विश्वकप लिग-२ मा १२ मध्ये ११ खेल जित्यो । घरेलु मैदानमा एसीसी प्रिमियर कपको उपाधि जित्दै एसिया कपमा भारत र पाकिस्तानसँग पहिलो पटक खेल्ने अवसर पायो । त्यसमा पनि विश्व क्रिकेटको पावर हाउस भारतविरुद्ध सर्ट बल र बाउन्सरको राम्रो सामना गर्दै २३० रनको योगफल बनायो ।

जेठ-असारमा भएको टी-२० विश्वकपमा एउटा पनि खेल जितेन । तर बलियो दक्षिण अफ्रिकालाई ११५ रनमा रोकेको नेपाल अन्तिम दुई बलमा दुई रन बनाउन नसकेर पराजित भएको थियो । 'विश्वकपसम्म हाम्रो यात्रा पूरा भयो' क्रिकेट संघका सचिव समेत रहेका पूर्व कप्तान पारस खड्का भन्छन्, 'नयाँ भिजन, नयाँ योजना र नयाँ सोचका साथ फेरि शून्यबाट सुरुवात गर्नुपर्छ ।'

शून्यबाट हुने नयाँ यात्राको गन्तव्य नम्वर वान एसोसिएट टिम, अनि टेष्ट नेशनको मान्यता पाउनु हुनेछ । त्यसक्रममा महत्वपूर्ण दुई प्रतियोगिता आउनेछ, २०२६ को टी-२० विश्वकप र २०२७ को एकदिवसीय विश्वकप ।

२०२६ को टी-२० विश्वकप खेल्न नेपालले सम्भव त एसिया क्षेत्र अन्तिम चरणको शीर्ष तीनमा स्थान बनाउनुपर्छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को नयाँ निर्णय अनुसार एसिया प्यासिफिकको अन्तिम चरण एसियामा गाभिएको छ । एसिया छनोटको अन्तिम चरणबाट तीन टोली विश्वकपमा पुग्नेछन् ।

तर कुन मोडलमा खेलाउने आईसीसीले तय गरेको छैन । यसअघि एसिया छनोट हुँदा फाइनलमा पुग्नु पर्थ्यो । एसियाबाट नेपाल, यूएई, ओमान, हङकङ, पपुवा न्युगिनी प्रमुख दाबेदार टोली हुन् ।

त्यसको अर्को वर्ष २०२७ मा एकदिवसीय विश्वकप हुनेछ । नेपालले अहिलेसम्म एकदिवसीय विश्वकप खेल्न सकेको छैन । यो पटक पनि एकदिवसीय विश्वकपको यात्रा सहज छैन । नेपालले अहिले लिग टु खेलिरहेको छ । २०२७ सम्म चल्ने प्रतियोगितामा नेपालसहित ८ देश छन् र हरेक टोलीले ३६ खेल खेल्नेछन् । यसमा शीर्ष चारमा रहन सफल भए नेपालले सिधै विश्वकप छनोट खेल्न पाउनेछ ।

शीर्ष चारमा पर्न सकेन भने पुछारका चार टोलीले च्यालेन्ज लिगबाट आएका चारसँग प्लेअफ खेल्ने अवसर पाउनेछ । प्लेअफ प्रतियोगिताको शीर्ष चार टोली विश्वकप छनोटमा पुग्नेछन् । अनि, विश्वकप छनोटमा १० टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

२०२७ को एकदिवसीय विश्वकपमा आयोजक जिम्बावे र दक्षिण अफ्रिकाबाहेक आईसीसी र्‍याङकिङको शीर्ष ८ टोलीले सिधै विश्वकपमा स्थान बनाउनेछन् । बाँकी चार टिम छनोटबाट आउनेछन् ।

पछिल्लो विश्वकपमा छनोट चरणबाट दुई टोलीले मात्र अवसर पाएका थिए, तर २०२७ देखि एकदिवसीय विश्वकप खेल्ने देशको संख्या १० बाट १४ पुर्‍याइने भएकाले थप दुई टोलीलाई बाटो खुल्यो । यो चार स्थानका लागि सिधै छनोट हुन नसकेको दुई टेस्ट टोलीसँगै स्कटल्यान्ड, नेदरल्यान्ड्स, नेपाल, यूएई, अमेरिका र ओमान त्यसका दाबेदार मान्न सकिन्छ ।

**टेष्ट मान्यताका लागि शर्तैशर्त**

त्यसपछि टेष्ट नेशनको मान्यता पाउने नेपालको लक्ष्य छ । यो असम्भव होइन, तर सहज पनि छैन । यसका लागि घरेलु संरचना बलियो बनाउनुपर्छ, पुरुष मात्र होइन, महिला र यू-१९ टोलीको पनि उत्तिकै विकास भएको हुनुपर्छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को शर्त त्यही छ ।

आईसीसीको परिमार्जित नियमअनुसार टेस्ट मान्यता पाउन पछिल्लो ८ वर्षमा टी-२० वा एकदिवसीयमा गरी तीन विश्वकप खेलेको हुनुपर्छ । विश्वकप वा छनोटमा आईसीसी र्‍याङकिङको शीर्ष १० टोलीमध्ये कुनै एकलाई हराएको हुनुपर्छ, ८ वर्षमा चार फरक टेस्ट टोलीलाई हराउनुपर्छ, सिरिजमा शीर्ष १० मा रहेका देशलाई दुई पटक हराएको हुनुपर्ने लगायतका नियम छन् ।

महिला टोली ओडीआई वरियतामा समावेश हुनुपर्छ । पछिल्लो चार वर्षमा टी-२० विश्वकप कम्तिमा एक पटक खेलेको हुनुपर्छ, अनि पछिल्लो ८ वर्षमा २ पटक यु-१९ विश्वकप खेलेको जस्ता योग्यता चाहिन्छ ।

घरेलु संरचनाका लागि पनि आईसीसीका आफ्नै शर्त छन् । ५० ओभरको राष्ट्रिय प्रतियोगिता, तीन लिष्ट ए टोली, टी-२० राष्ट्रिय प्रतियोगिता र तीन टी-२० एस मान्यता भएको टोली हुनुपर्छ ।

जुनियर, यु-१९ पुरुष र महिला टोली हुनुपर्छ । सुविधा सम्पन्न क्रिकेट मैदानहरु तयार भएको हुनुपर्छ । पछिल्लो ८ वर्षमा घरेलु क्रिकेटमा उल्लेखनीय सुधार हुनुपर्छ । अनि क्रिकेट संघको आर्थिक पारदर्शिता, प्रशिक्षण तथा विकास कार्यक्रम पनि त्यति नै महत्वपूर्ण हुन्छ ।

नेपालका पूर्वस्पिनर शक्ति गौचन भन्छन्, 'अबको हाम्रो लक्ष्य टेष्ट नै हो । तर भनेर मात्रै हुँदैन, घरेलु मैदान, प्रतियोगिता र संरचना बढाउनुपर्छ ।' उनका अनुसार पछिल्लो समय सिनियर खेलाडीलाई क्यानले एकदमै राम्रो गरेको छ । अब जुनियर, यु-१९ का साथै ग्रास रुट क्रिकेटमा फोकस गर्न सकियो भने १०-१५ वर्षमा टेस्ट मान्यता पाउन सकिने उनको विश्लेषण छ ।

**घरेलु संरचना नै चुनौती**

नेपालको घरेलु प्रतियोगितामा अहिले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिता हुँदै आएको छ । तीन विभागीय र सात प्रदेशका टोलीमा १५/१५ जना गरी कुल १५० खेलाडी सहभागी हुन्छन् । २०१६ देखि २०२२ सम्म एभरेष्ट, पोखरा प्रिमियर, धनगढी प्रिमियर लिग गरी तीन टी-२० फ्रेन्चाइज लिग भएका थिए ।

६ टोली भएका यस्ता प्रतियोगिताले एक हदसम्म घरेलु खेलाडीहरुलाई इन्गेज गरेको थियो । तर २०२३ जनवरीमा नेपाल टी-२० लिग विवादै विवादमा फसेपछि फ्रेन्चाइज लिग भएका छैनन् । तर नियमित प्रतियोगिता नभएका कारण राष्ट्रिय टिममा नपरेका खेलाडीहरुको अवस्था भयावह छ ।

क्रिकेट संघका अनुसार सेन्ट्रल कन्ट्र्याकमा पुरुषतर्फ २४ जना खेलाडी छन् भने महिलातर्फ ११ खेलाडी छन् । उनीहरुले २० हजार देखि १ लाखसम्म मासिक तलब पाउँछन् । प्रतियोगिताहरु भएको बेला म्याच फि समेत आउने भएकाले सेन्ट्रल कन्ट्र्याकमा परेका खेलाडीहरुको खाइजिविका चलेको छ । तर बाँकी खेलाडीहरुको अवस्था भयावह छ । क्षमता र सम्भावना हुँदाहुँदै पनि क्रिकेटमा टिक्न सक्ने अवस्था छैन ।

राष्ट्रिय टिमका कप्तान पौडेल पनि घरेलु प्रतियोगिताहरु खेलेर पनि बाँच्ने आधार हुनुपर्ने बताउँछन् । 'पछिल्लो दुई वर्षदेखि १५/२० जनाले मात्रै खेलेका छौं । उहाँहरुलाई हटाउने हो भने ब्याकअप बेन्च स्ट्रेन्थ त्यति बलियो छैन । यसमा ध्यान दिन एकदमै आवश्यक छ,' उनले संचारकर्मीसँग भने ।

टेस्टका लागि चाहिने रातो बल र सेतो जर्सीको क्रिकेट खेल्नै सुरु गरेको छैन । अर्थात डे क्रिकेट नै नेपालमा छैन । नेपालले पछिल्लो पटक डे क्रिकेट मेरिलिबोन क्रिकेट क्लब (एमसीसी) सँग २०१९ मा एक मात्रै प्रथम श्रेणी खेल खेलेको थियो । त्यसले पनि निरन्तरता पाएन ।

यू-१६ को राष्ट्रिय प्रतियोगिता नभएको दशक भन्दा बढी भयो । क्यान निलम्बनमा रहँदा २०१९ मा मनमोहन मेमोरियलले यू-१६ लिग गरेको थियो, जसले गत वर्ष पनि निरन्तरता पाएको छ । यू-१९ टोलीका लागि जिल्ला र प्रदेशमा ट्यालेन्ट हन्ट गर्ने गरिएको छ । स्कुल क्रिकेट छैन भने एकेडेमी क्रिकेट पनि फस्टाउन सकेको छैन ।

खेलाडी मात्र होइन, भौतिक पूर्वाधारमा पनि ठूलो लगानी गर्नुपर्नेछ । नेपालमा दुई ओडीआई मैदान छन् । त्रिवि क्रिकेट मैदानले सन् २०२० र मूलपानीले सन् २०२३ मा ओडीआई मान्यता पाएका थिए । दुबै मैदान कामचलाउ मात्रै हुन् ।

कीर्तिपुर क्रिकेट मैदानमा खेलाडी बस्ने राम्रो पेभेलिएन, डग आउट, मिडिया बक्स, भिआईपी एरिया, समर्थकका लागि शौचालय, फुड स्टल जस्ता ठाउँ छैन । खेलाडीहरुको अभ्यासका लागि नेट, इन्डोर, जिम, बलिङ मेसिनहरुमा पनि पर्याप्त लगानी चाहिएको छ । फ्लडलाइट जडानको काम प्रक्रियामा छ । डिजिटल स्कोर बोर्डको भवन निर्माण बल्ल सकिएको छ ।

मूलपानीको त झनै भद्रगोल छ । खेलाडी बस्ने पेभेलिएन र डग आउट स्थानीय लिगको जस्तो छ । खेलपछि अभ्यास गर्ने नेट र इन्डोर छैन । अभ्यास पनि मैदानमा गर्नुपर्ने हुन्छ । भीआइपी कक्ष छैन, मिडिया बक्स छैन, सार्वजनिक शौचालय छैन । तल्लो मूलपानी क्रिकेट मैदान निर्माणाधीन छ ।

चितवनको भरतपुरमा गौतमबुद्ध, रुपन्देहीमा सिद्धार्थ, कास्कीको पोखरा, दाङ देउखुरीको लमही, धनगढीमा फाप्ला, वीरगञ्जको नारायणी, बाँकेको कोहलपुर, मोरङको बैजनाथपुर, कञ्चनपुरको महेन्द्रनगरमा क्रिकेट मैदान छन् । अरु पनि बन्ने क्रममा छन्, तर कुनै पनि मैदान राष्ट्रिय प्रतियोगिता आयोजना गर्न योग्य छैनन् । सिद्धार्थ काठमाडौं बाहिरको सबैभन्दा राम्रो मैदान मानिन्छ, तर गत वर्ष प्रधानमन्त्री कप क्रिकेटका केही खेलहरु हुँदा प्रश्नैप्रश्न उठेका थिए । त्यसैले अब नेपाली क्रिकेटले आफ्नो अबको बाटो कोर्ने र त्यसअनुसार लगानी गर्ने बेला भयो ।

**प्राथमिकतामा टी-२० कि एकदिवसीय ?**


पछिल्लो समय नेपालले टी-२० क्रिकेटलाई प्राथमिकता दियो । एकदवसीय विश्वकपमा छनोट हुन नसकेको र १० वर्षपछि टी-२० क्रिकेट खेल्न लागेकाले त्यो स्वभाविक पनि थियो । अब नेपालसामू २०२६ को टी-२० विश्वकप र २०२७ को एकदिवसीय दुबैमा पुग्ने सम्भावना छ ।

तर कसलाई प्राथमिकता दिने भन्ने प्रश्न छ ? नेपाल क्रिकेट संघले आगामी नोभेम्बर-डिसेम्बरमा नेपाल प्रिमियर लिग आयोजना गर्दैछ । सोमबार साँझ टी-२० फ्रेन्चाइज लिगको लोगो अनावरण कार्यक्रमका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रमुख अतिथिका रुपमा बोलाइएको छ । यसले नेपाल प्रिमियर लिगलाई क्यानले कति प्राथमिकता दिएको भन्ने प्रष्ट हुन्छ ।

टी-२० लाई प्राथमिकता दिँदा नेपाल फेरि विश्वकप पुग्नसक्छ, तर टेष्टको लक्ष्य भेट्टाउन सकिन्न । 'टी-२० भनेको विश्वकपमा पुग्ने छोटो बाटो हो, टेष्ट नेशन हुने हो भने एकदिवसीयलाई प्राथमिकतामा राख्नुपर्छ । त्यसअनुसार महिला टिममा पनि लगानी गर्नुपर्छ,' पूर्व कप्तान ज्ञानेन्द्र मल्ल भन्छन्, 'हाम्रो प्राथमिकताबारे हामी प्रष्ट हुन ढिला गर्न हुन्न ।'

*(स्रोत: अनलाइनखबर)*

# ३० वर्षपछि फिल्ममा जुर्‍यो राजेश हमाल र सरोज खनालको सहकार्य



काठमाडौं/५०/६० को दशकका सफल अभिनेताहरु हुन्, राजेश हमाल र सरोज खनाल । करिब एकै समयमा उनीहरुको उदय भएको थियो । तर, दुवैको धार अलग देखिन्थ्यो । हमाल एक्सन र पारिवारिक फिल्ममा जमे भने सरोजले 'रोमान्टिक हिरो'को छवि बनाए । तर, करिअरको उचाइँमा रहँदा दुवैले 'ज्वाला', 'परिभाषा', 'सडक', 'चाहना' जस्ता आधा दर्जन फिल्ममा एकसाथ सहकार्य गरेका थिए ।

हमाल र खनालले पछिल्लोपटक सहकार्य गरेको फिल्म 'चाहना' (२०५१) थियो । यसपछि उनीहरुको सहकार्य नै जुर्न सकेन । अब ३० वर्षपछि फिल्म 'नरसिंहा अवतार'मा उनीहरुले एकसाथ काम गर्ने भएका छन् । उनीहरु दुवै फिल्ममा अनुबन्ध भइसकेका छन् । दुवैको भूमिकाको बारेमा भने जानकारी गराइएको छैन । उनीहरुको वर्षौंपछिको सहकार्यले दर्शकमा पनि उत्साह बढाएको छ ।

यो फिल्मबाट हमालले ८ वर्षपछि पुनरागमन गर्न लागेका हुन् । पछिल्लोपटक 'सकुन्तला'मा देखिएका उनले यसपछि दुईटा फिल्म सम्झौता गरेको भए पनि पछि निर्माण भएनन् । 'नरसिंहा अवतार'मा उनी एक्सन अवतारमा प्रस्तुत हुनेछन् । दुई चरणमा छायांकन हुन लागेको फिल्ममा हमाल फरक-फरक लुक्समा देखिनेछन् । यसलाई उनको करिअरको दोस्रो इनिङ्सको रुपमा हेरिएको छ ।

दीवाकर भट्टराईको निर्देशन रहने फिल्ममा नीति शाह र सनिशा भट्टराई पनि शीर्ष भूमिकामा रहनेछन् । र, यही फिल्मबाट मोडल दीपा शाहीले डेब्यु गर्ने निश्चित भएको छ । क्रिएटिभ सिने आर्टको प्रस्तुतिमा बन्न लागेको यो फिल्मको बजेट अनुमानित तीन करोड हुने बताइएको छ । यही भदौ अन्तिम साताबाट फिल्मको पहिलो चरण अन्तर्गत २५ दिनको सेड्युलमा छायांकन गरिने तयारी छ ।

# अरुणिमाले गरिन् धरानका युवराजसँग बिहे



काठमाडौं/अभिनेत्री अरुणिमा लम्सालले दोस्रो विवाह गरेकी छन् । उनले सोमबार बत्तीसपुतलीमा रहेको राम मन्दिरमा धरान निवासी युवराज श्रेष्ठसँग लगनगाँठो कसेकी हुन् । उनीहरुको विवाहमा दुवै पक्षका सीमित परिवारको मात्र उपस्थिति थियो । अरुणिमा बिहेकै लागि केही हप्ताअघि अमेरिकाबाट आमाको साथमा नेपाल आएकी थिइन् । युवराजसँग उनको मागी विवाह भएको जानकारी प्राप्त छ ।

करिब एक दशकदेखि अमेरिकामा बस्दै आइरहेकी अरुणिमाको पहिलो विवाह अमित अर्यालसँग भएको थियो । उनीहरुले २०७४ सालमा १२ वर्ष लामो वैवाहिक जीवनलाई पूर्णविराम लगाएका थिए । अमेरिका जानुपूर्व नै उनीहरुले छुट्टिने मनसाय बनाइसकेका थिए । सोही योजनाअनुसार उनीहरुले नेपालमै हुँदाखेरि सम्पत्तिको भागबन्डा गरेका थिए । उनीहरुबाट एक छोरी (अक्षता) छिन् ।

कुनै समय नेपाली फिल्ममा अरुणिमाको राम्रो करिअर थियो । आफ्नो सक्रिय करिअरमा 'धड्कन, 'अग्नी ज्वाला', 'सन्तान', 'जीवन रेखा', 'भरोसा', 'अभिमन्यू', 'इन्द्रेणी', 'के यो माया हो' जस्ता ५० भन्दा बढी फिल्ममा काम गरेकी उनले १० वर्षपछि अमेरिकामै वेब सिरिज 'घर बट इन अमेरिका'बाट अभिनयमा कमब्याक गरेकी छन् । अरुणिमाले फिल्ममा पनि फर्किने इच्छा व्यक्त गरेकी छन् ।




# बैंकहरूले उठाउन सकेनन् सवा खर्बब्याज, एक वर्षमै बढ्यो २० प्रतिशत

काठमाडौं । बैंकहरूको उठ्न नसकेको ब्याज दुई वर्षमै करिब शतप्रतिशत बढेको छ । नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको गत आर्थिक वर्ष २०८०/८१ को तथ्यांक अनुसार २०८१ असार मसान्तमा पाकेर उठाउन नसकेको ब्याज १ खर्ब १९ अर्ब ५९ करोड रुपैयाँ बराबर पुगेको छ ।

असार २०७९ मा यस्तो रकम करिब ६१ अर्ब ३५ करोड मात्रै रहेकोमा पछिल्लो दुई वर्षमै करिब शतप्रतिशत बढेको हो । नेपाल फाइनान्सियल एकाउन्टिङ स्ट्यान्डर्ड अनुसार 'एक्रुअल' आधारमा वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ । बैंकहरूले पाकेको ब्याजलाई आम्दानी मानेर नाफा नोक्सानको स्थिति आकलन गर्छन् ।

तर, ब्याज उठेको छैन भने राष्ट्र बैंकको व्यवस्था अनुसार त्यस्तो रकमबाट बैंकहरूले आयकर तिर्ने र कर्मचारी बोनसका लागि छुट्याए बाँकी रकम नियामकीय जगेडा कोषमा छुट्याउनुपर्ने हुन्छ ।

बैंकहरूले एक्रुअल आधारमा वित्तीय विवरण तयार गर्दा नउठेको ब्याजलाई पनि आम्दानी जनाउनुपर्ने हुन्छ । त्यस्तो ब्याज गत असारसम्म १ खर्ब १९ अर्ब ५९ करोड पुगेको छ । असार २०८० मा ९९ अर्ब रहेको यस्तो ब्याज एक वर्षमा करिब २० अर्ब अर्थात् १९.८ प्रतिशत बढेको हो । असार २०७९ को तुलनामा असार २०८० मा ६२.७ प्रतिशतले बढेको थियो । २० अर्ब उठ्न नसकेको ब्याजमा वृद्धि र गैरबैंकिङ सम्पत्ति समेत सोही हाराहारीमा बुक गरेका बैंकहरूले नाफाबाट २० प्रतिशत अनिवार्य जगेडा कोषमा छुट्याउनुपर्दा ७० अर्बभन्दा धेरै नाफा आर्जन गर्दा पनि लाभांश बाँड्ने क्षमता भने कमजोर देखिएको छ ।

बैंकहरूले उठ्न नसकेको ब्याजबाट कर र कर्मचारी बोनसका लागि रकम छुट्याएपछि करिब ६३ प्रतिशत रकम नियामकीय जडेगा कोषमा छुट्याउनुपर्ने हुन्छ । यस्तै गैरबैंकिङ सम्पत्ति बुक गर्दा पनि उठ्न बाँकी ब्याज नदेखिए आयकर र कर्मचारी बोनस छुट्याएर बाँकी करिब ६३ प्रतिशत नै नियामकीय जगेडामा छुट्याउनुपर्छ ।

उठ्न बाँकी ब्याज उठे पनि सेयरधनीलाई लाभांश बाँड्न पाइन्छ भने गैरबैंकिङ सम्पत्ति बुक गर्दा त्यसलाई बिक्री गरेपछि त्यसबाट लाभांश बाँड्ने गरी नियामकीय जगेडा कोषबाट सञ्चित नाफामा सार्न सकिन्छ । बैंकहरूले ब्याज उठाउन नसक्दा खुद कर्जा विस्तार न्यून भए पनि बैंक तथा वित्तीय संस्थाको निजी क्षेत्रमाथिको दाबी ५१ खर्ब ९३ अर्ब ५६ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ ।

२०८० असार मसान्तमा ४८ खर्ब ९६ अर्ब ८२ करोड रहेको बैंक तथा वित्तीय क्षेत्रको निजी क्षेत्रमाथिको दाबी गत आवमा ६.१ प्रतिशतले बढेको हो । उठ्न नसकेको ब्याजका कारण ६.१ प्रतिशतले निजी क्षेत्रमाथिको दाबी वृद्धि देखिए पनि कर्जाको साँवा वृद्धि भने २ खर्ब ७७ अर्ब अर्थात् ५.८ प्रतिशतले मात्रै बढेको छ । असार २०८० मा ४७ खर्ब ९७ अर्ब ३ करोड रहेकोमा गत असारमा आउँदा ५० खर्ब ७३ अर्ब ९७ करोड पुगेको हो । राष्ट्र बैंकले गत आवको मौद्रिक नीतिमा निजी क्षेत्रको कर्जा ११.५ प्रतिशतले विस्तार गर्ने लक्ष्य लिएको थियो ।

निजी क्षेत्रको ५० खर्ब ७३ अर्ब ९७ करोड कर्जामध्ये गैर बैंकिङ संस्थागत ऋणीलाई ३२ खर्ब १० अर्ब ६० करोड र व्यक्तिगत ऋणीलाई १८ खर्ब ६३ अर्ब ३७ करोड कर्जा लगानी रहेको छ । गत आव संस्थागत ऋणीतर्फको कर्जा ६.७ प्रतिशतले वृद्धि हुँदा व्यक्तिगततर्फ ऋणीको कर्जा ४.२ प्रतिशतले मात्रै बढेको छ । गत असार मसान्तमा बैंकहरूले उठाउन नसकेको ब्याजमध्ये वाणिज्य बैंकको मात्रै १ खर्ब ८ करोड पुगेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडा औद्योगिक क्षेत्रमा एघार उद्योग निर्माणाधीन

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ क्षेत्रफलका हिसाबले देशकै ठुलो औद्योगिक क्षेत्र हेटौंडा औद्योगिक क्षेत्रमा गत आर्थिक वर्षमा ११ उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् ।

तीन हजार २२८ रोपनीमा फैलिएको औद्योगिक क्षेत्रमा आव २०८०/८१ मा ११७ वटा उद्योग सञ्चालनमा रहेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी काशिराम घिमिरेले जानकारी दिए । उनले दिएको तथ्यांकअनुसार साउथ एसियन ब्रुअरी, नेबिको प्रालि, टिएसएन. प्लास्टोक्येयर, मकालु डेरी उद्योग, राधाकृष्ण सिन्थेटिक, लक्ष्मी पेन्ट्स, ड्रिम पेन्ट्स नेपाल, राधेराधे इन्जिनियरिङ वर्कसप, प्रिसिअस वेस्ट रिफाइनरी, बिएचपी मेनुयाकचरिङ, फेबुलस म्यानुयाकचरिङ, हिमालय पोलिमर्स निर्माणाधीन अवस्थामा रहेको हो । कार्यालयका अनुसार इन्भारोप्लान्ट नेपाल प्रालि र नेपाल ब्रुअरिज प्रालि बन्द अवस्थामा रहेका छन् ।



उद्योग सञ्चालन गर्न सम्झौता गरी उद्योग सञ्चालनमा नल्याउने चारवटा उद्योगसँगको सम्झौता रद्द गरिएको छ । गत आव २०८०/८१ मा कार्यालयले उद्योग सञ्चालन गर्न सम्झौता गरेका ती उद्योगले आवश्यक संरचना निर्माणसँगै उद्योग सञ्चालनमा ल्याउन नसकेको भन्दै सम्झौता रद्द गरेको हो । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका निमित्त क्षेत्रव्यवस्थापक संगीता कुँवरका अनुसार लक्ष्मी पेन्ट्स उद्योग, नाथ फुड्स् इन्डस्ट्रिज प्रालि, बिवाइएस हेटौंडा प्रालि र सनराइज कन्टेनर्स प्रालिसँग औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्नगरिएको सम्झौता रद्द गरिएको जानकारी दिइएको छ ।

सनराइज कन्टेनर्स प्रालिले प्लास्टिकका विविध वस्तु, नाथ फुड्स् इन्डस्ट्रिजले बिस्कुट तथा बेकरी, लक्ष्मी पेन्ट्सले वाल पुटिङ, रङरोगन र बिवाइएस हेटौंडाले विभिन्न प्रकारका फाइल, कम्बिनेसन प्लायरलगायतका औजार उत्पादन गर्ने गरी उद्योग सञ्चालनका लागि जग्गा भाडामा लिन सम्झौता गरेको थियो । कुँवरले ती उद्योगले उद्योग सञ्चालन गर्न सम्झौता गरेर पूर्वाधार निर्माण गरी उद्योग सञ्चालन नगरेको र जग्गा मात्र ओगटेकाले सम्झौता रद्द गरिएको बताइन् । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग २०७२ र २०७३ मा सम्झौता गरेका चार उद्योगले ३० रोपनी जग्गा ओगटेका थिए ।

सम्झौता भएको छ महिनाभित्रमा आवश्यक संरचना निर्माण कार्य सुरु गरी दुई वर्षभित्रमा उद्योग सञ्चालनमा ल्याइसक्नु पर्ने र सञ्चालनमा ल्याउन नसकेमा दुई पक्षबीच भएको सम्झौता स्वतः रद्दहुने सम्झौतामा उल्लेख रहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारीले जानकारी दिए । दुई वर्षभन्दा बढी भइसक्दा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले सम्झौता रद्द गर्न सकेको थिएन ।

# विभिन्न कार्यक्रमसहित रक्षाबन्धन मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/हरेकवर्ष श्रावण शुक्लपूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषितर्पणी) पर्व देशभर नवयज्ञोपवीत जनै एवम् रक्षाबन्धन धारण गरेर मनाइयो । यसका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई श्रावणी स्नान बिधि अनुसार स्नान गरेर गुरुपुरोहितबाट रक्षासूत्र (डोरो) बाँध्छन् ।

मानवरक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने चलन छ । गुरुपुरोहितले विधिपूर्वक मन्त्रिएको जनै र रक्षासूत्र धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने जनविश्वास छ । यस दिन जुनसुकै बेला रक्षाबन्धन गर्न मिल्ने नेपाल पञ्चाङ्ग निर्णायक समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिएका छन् । उनका अनुसार विशिष्ट व्यक्तिले मात्र भद्रा नक्षेत्र कटाइ दिनको १ बजेर ३१ मिनेटपछि रक्षाबन्धनको कर्म गर्नु उपयुक्त थियो ।

अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवम् तर्पण गर्ने भएकाले यसको दिनलाई ऋषितर्पणी भन्ने गरिन्छ । वैदिक गुरुपरम्परा अनुसार जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ । रक्षाबन्धन बाँध्न एवम् नयाँ जनै फेर्न बिहानैदेखि देशभरका पशुपतिनाथ मन्दिर परिसर, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गंगासागर, जुम्लाको दानसाधु एवम् नवलपरासीको त्रिवेणीधाम, चितवनको देवघाटलगायत ताल, पोखरी र कुण्डमा बिहानैदेखि मेला लाग्ने गर्छ । अरु मठमन्दिरमा पनि बिहानैदेखि भक्तजनको घुइँचो लागेको थियो । जनैपूर्णिमाका अवसरमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको थियो । तराईक्षेत्रमा यसै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ ।

# हेटौंडा-१० एक साताभित्रै बालमैत्री वडा घोषणा गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/हेटौंडा उपमहानगरपालिका-१० लाई एक साताभित्रै बालमैत्री वडा घोषणा गर्न लागिएको छ । वडाअध्यक्ष फुर्वादोर्जे लामाले सोमबार पत्रकार सम्मेलन गरी एकसाताभित्र बालमैत्री वाडा घोषणा गर्ने तयारी भएको जानकारी दिएका छन् । उनका अनुसार यो वडा बालश्रममुक्त, बालविवाहमुक्त र बालमैत्री स्थानीय शासनयुक्त हुनेछ ।

बालमैत्री घोषणाका लागि आवश्यक ५१ सूचकमध्ये ४९ वटामा शतप्रतिशत, एउटामा ९५ प्रतिशत र अर्को एउटामा ८१ प्रतिशत नतिजा हासिल भएको छ । वडाको तथ्यांक अनुसार यहाँ १८ वर्षमुनिका १,८९५ बालबालिका छन् । जसमध्ये ५२.६ प्रतिशत बालक र ४७.४ प्रतिशत बालिका छन् । हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ ।

आवश्यक सूचक पूरा गरेसँगै आगामी भदौ ८ गते शनिबार वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी गरेको जानकारी दिइएको छ । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराको साथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हेटौंडा-१० का वडाध्यक्ष लामाले जानकारी दिए । स्थानीय शासनयुक्त वडा घोषणा मुल समारोह समिति संयोजक समेत रहेको उनले बालमैत्री स्थानीय शासन वडा घोषणा गर्नका लागि पूरा गर्नुपर्ने सूचकमा मापदण्ड पार भएको बताए ।

घोषणाका दिन स्थानीय सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरु, विभिन्न टोलविकास संस्थाका सदस्यहरु, विभिन्न संघ-संस्थाको प्रतिनिधिको सहभागितामा प्रभातफेरी सहित औपचारिक कार्यक्रम हुने वडाध्यक्ष लामाले बताए । पछिल्लो समय हेटौंडा उपमहानगरपालिकामा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा क्रम बढ्दो छ । यसअघि हेटौंडा-२, ७ र ८ नम्वर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भइसकेको छ । वडा नम्वर १७ र १० भने यही भदौ ७ र ८ गते क्रमशः बालमैत्री स्थानीय शासनयुक्त घोषणा हुन लागेको छ । हेटौंडा-१० मा ४ वटा विद्यालय, १० वटा बालसमूह र एउटा बालसञ्जाल छन् । यी समूहमा २५० बालबालिका आबद्ध छन् । यसअघि नै यो वडालाई पूर्णखोप वडा, पूर्णसाक्षर वडा र खुलादिसामुक्त वडा घोषणा गरिसकिएको छ ।

# मनहरीका बरिष्ठ हवल्दार श्रेष्ठको दुर्घटनामा मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/सोमबार बिहान चितवनमा भएको मोटर साइकल दुर्घटनामा इलाका प्रहरी कार्यालय मनहरी मकवानपुरमा कार्यरत बरिष्ठ हवल्दारको ज्यान गएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत चितवनको खैरहनी-८ बाबा पेट्रोलपम्पमा मनहरिबाट खोलेसिमल तर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००३प ६३७ नम्बरको मोटर साइकल दुर्घटना हुँदा लमजुङ राइनस नगरपालिका-६ धमेलीकुवाका रत्ननगर नगरपालिका-१५ खोलेसिमल घर भएका ४३ वर्षीय हेमन्तकुमार श्रेष्ठको ज्यान गएको चितवन प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते श्रेष्ठको चितवन मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता भेषराज रिजालले जानकारी दिएका छन् । मृतक इलाका प्रहरी कार्यालय मनहरीमा कार्यरत बरिष्ठ हवल्दार रहेको जनाइएको छ । घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# हेटौंडाको होराइजनमा साटासाट अफर शुरु

साझाकुरा संवाददाता

हेटौंडा, मकवानपुरको लागि बजाजको आधिकारीक विक्रेता होराइजन अटो प्रा.लिमा भाद्र २ गते देखि ७ गतेससम्म साटासाट अपग्रेट एक्सेञ्ज अफर ल्याएको छ ।

यस अफर अन्तर्गत ग्राहकले आफ्नो पुरानो मोटर साइकलको एक्स्चेन्जमा ६ हजार रुपैयाँ थप मूल्याङ्कन र एक्सचेन्ज मार्फत बजाजको जुनसुकै मोटर साइकलको खरिदमा ६ हजार रुपैयाँसम्मको नगद छुट पाउने सञ्चालक लालकाजी रत्न बज्राचार्यले जानकारी दिए ।

ग्राहकलाई नयाँ मोटर साइकलको खरिद तथा एक्सचेन्जमा विभिन्न किसिमका एसोशरिज पनि निःशुल्क दिने बताएको छ । पुरानो मोटरसाईकलको कण्डिसन हेरेर मूल्यांकन गरिने र ३० प्रतिशत रकम डाउन पेमेन्ट गरेर बाँकी र कम किस्तास्वरुप तिर्ने गरेरपनि मोटरसाईकल लैजान सकिने बज्राचार्यले बताए ।

# बिभिन्न बिपद्मा एकसय ९० जनाको ज्यान गयो

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरो लगायत विपद्को घटनामा परी सोमबार दिउँसोसम्म १ सय ९० जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायत विपद्मा परी कोशी प्रदेशमा २७ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ३५ जना, गण्डकी प्रदेशमा ५६ जना, लुम्बिनी प्रदेशमा ३६ जना, कर्णाली प्रदेशमा १३ जना र सुदूरपश्चिम प्रदेशमा १५ जना गरी जम्मा १ सय ९० जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

कोशी प्रदेशमा ३८ जना, मधेश प्रदेशमा १२ जना, बागमती प्रदेशमा ३४ जना, गण्डकी प्रदेशमा ४५ जना, लुम्बिनी प्रदेशमा १८ जना, कर्णाली प्रदेशमा ५७ जना र सुदूरपश्चिम प्रदेशमा ३४ जना गरी जम्मा २ सय ३८ जना घाइते भएका छन् । घाइतेहरुलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ ।

यो अवधिमा विपद्को घटनामा परेर ४९ जना बेपत्ता भएका छन् । बेपत्ता हुनेहरुमा कोशी प्रदेशका २ जना, मधेश प्रदेशका १ जना, बागमती प्रदेशका ४१ जना, गण्डकी प्रदेशका २ जना, लुम्बिनी प्रदेशका १ जना, कर्णाली प्रदेशका १ जना र सुदूरपश्चिम प्रदेशका १ जना रहेका छन् । उनीहरुको खोजीकार्य जारी रहेको जनाइएको छ ।

ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

Narayani College /TMMSS
Scholarship Up to 100%
Terms & conditions Apply
+2 NEB COURSES
ADMISSION
OPEN FOR GRADE XI
- Science
- Hotel Management
- Computer Science
- Business Studies
- Travel & Mountaineering




APPLY NOW
Quick Contact :
Tel: 057-522136, 9855071876
9855087028, 9849010803
Hetauda-10, Bhutandevi Road

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

ओम फ्रेस मिट सप

आजदेखि शुभारम्भ






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटरः
नुतन लामा

ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना